# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, असोज १ गते, २०८० साल (संख्या २७

## भाग ३

## न्याय परिषद्को

## सूचना

### <u>न्याय परिषद् (पहिलो संशोधन) नियमावली, २०८०</u>

न्याय परिषद् नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय परिषद् ऐन, २०७३ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी न्याय परिषद्ले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "न्याय परिषद् (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>न्याय परिषद् नियमावली, २०७४ को नियम ११ मा संशोधनः</u>** न्याय परिषद् नियमावली, २०७४ को नियम ११ को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन्ः-

"(ख१) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवाको मुख्य रजिष्ट्रारको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएको व्यक्तिको हकमा मुख्य न्यायाधीश पछिको क्रममा,

<u>स्पष्टीकरणः</u> मुख्य रजिष्ट्रारको रूपमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्ति एक भन्दा बढी भएमा नियुक्ति मितिको आधारमा वरिष्ठता कायम गरिनेछ।

(ख२) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिको हकमा निज विशिष्ट श्रेणीको पदमा नियुक्ति भएको मिति भन्दा पछि उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्ति भन्दा अगाडिको क्रममा,

<u>स्पष्टीकरणः</u> नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा कार्यरत रही उच्च अदालतको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

न्यायाधीश पदमा नियुक्ति भएका व्यक्ति एक भन्दा बढी भएमा निजहरू राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा नियुक्ति हुँदाको क्रमको आधारमा वरिष्ठता कायम गरिनेछ।"

**आज्ञाले,**
**देवेन्द्रराज ढकाल**
**सचिव ।**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।